# अहिंसा सांस्कृतिक सम्पदाको संरक्षणः चुम उपत्यकाको अध्ययन

नीर बहादुर गुरुङ

*Lumbini Buddhist University, Central Campus, Lumbini, Nepal*

• ***Article History:*** *Submitted 16 February, 2025; Reviewed 18 March, 2025; Revised 30 March, 2025* • ***Corresponding Author:*** *Nir Bahadur Gurung*
• ***Email:*** *nirbahadurgurung@lbu.edu.np*

## लेखसार

*बौद्ध सिद्धान्तअनुसार तीन चरणको शील हुन्छ, जसमध्ये पञ्चशील प्रारम्भिक चरणको शील हो । पञ्चशीलमध्ये प्राणी हिंसाबाट विरत रहनु अर्थात् अहिंसाको शीललाई पालना गर्नु पहिलो शील हो । शील ग्रहण गरे तापनि दैनिक जीवनमा त्यसको व्यवहारिक अभ्यास नगरेसम्म कुनै अर्थ हुँदैन । अहिंसाको शीललाई व्यक्ति विषेशले पालना गरेको त पाइएला तर सिङ्गो समुदायले नै पालना गरी संस्कृतिकै रुपमा स्थापित भएको पाउन दुर्लभ छ । चुम उपत्यकामा सिङ्गो समुदायले नै यसलाई दैनिक जीवनमै पालना गर्दै आएको छ । यसरी निरन्तर पालना गर्दै आएको एक शताब्दीभन्दा पुरानो भइसकेको छ । अहिंसालाई स्थानीय भाषामा श्याग्या भन्दछन् । यसलाई वि.सं. २०७९ मा चुमनुब्रि गाउँपालिकाले राजपत्रमा अङ्कित गरी ऐनको रुपमा जारी गरेको छ । अहिंसा संस्कृतिलाई चुम उपत्यकामा कसरी संरक्षण गर्दै आएका छन् ? भन्ने कुरालाई उजागर गर्नु यस लेखको उद्देश्य रहेको छ । यस अध्ययनको निष्कर्षबाट बौद्ध सिद्धान्तमा आधारित अहिंसाको संस्कृतिलाई एउटा मौलिक सम्पदाको रुपमा राष्ट्रिय तथा अन्तराष्ट्रिय समुदायमा परिचित गराउन र हिमाली क्षेत्र लगायत अन्य बौद्ध समुदायमा पनि यसलाई नमूना अवधारणाको रुपमा अबलम्बन गर्न सहयोग गर्ने अपेक्षा गरिएको छ ।*

***शब्द कुञ्जिका:*** *अहिंसा, शील, समुदाय, मौलिक सम्पदा, बौद्ध सिद्धान्त, संरक्षण*

## परिचय

बौद्ध सिद्धान्तमा शीललाई मानिसले आफूलाई अनुशासनमा राख्ने नियमको रुपमा लिइन्छ । पञ्चशीललाई आधारभूत शील मानिन्छ । यो निर्वाण लाभका लागि अभ्यास हो । यस अन्तर्गत पाँचवटा

शीलहरू छन्। पञ्चशील गहस्थदेखि सबैका लागि प्रतिपादन गरिएको हो। जसमध्ये प्राणी हिंसा नगर्ने शील पहिलो शील हो। यो शील जो कसैले, जहाँ अनि जहिले पालना गर्नु पर्दछ। बौद्ध दर्शनअनुसार हिंसाको अर्थ शारीरिक तथा मानसिक शोषण अथवा पीडा दिने अर्थमा मात्र सिमित छैन। यहाँ हिंसालाई विशिष्ट रुपमा प्रयोग गरेको पाइन्छ। यसअनुसार हिंसा हुनको लागि जिवित प्राणी हुनुपर्ने, हिंसा गर्ने मनसाय हुनुपर्ने, हिंसा गर्ने व्यक्तिमा राग, द्वेष वा मोह जस्ता कुनै न कुनै अकुशल चित्त उत्पन्न हुनुपर्ने, प्राण गएको हुनु पर्ने जस्ता क्रियाकलाप भएको हुनुपर्दछ (डंगोल ३२–३३))। शारीरिक तथा मानसिक पिडा, चोट दिनु अथवा त्रास, भय, संसय पैदा गर्नुलाई बौद्ध सिद्धान्तमा परिभाषित गरिएको हिंसा अन्तर्गत पर्दैन। यसर्थ बौद्ध सिद्धान्तमा गरिने र सामान्य अर्थमा गरिने हिंसाको परिभाषामा भिन्नता देखिन्छ।

चुम उपत्यका गोरखा जिल्लाको तिब्बती सीमावर्ती क्षेत्रमा अवस्थित छ। भौगोलिक रुपमा विकट, दुर्गम तथा अरु बाह्य समाजबाट अलग्गै भएकोले यसलाई लुकेको उपत्यका पनि भनिन्छ। चुमको अर्थ खुशी भन्ने अर्थ पनि लाग्दछ। यो उपत्यकालाई *चुम छो सुक सुम*, *स्यार* जस्ता विभिन्न नामले चिनिन्छ। यहाँका बासिन्दाहरूलाई चुम्बा भनिन्छ। चुम्बाहरू बौद्ध धर्मावलम्बी हुन्। उनीहरूको दैनिक जीवन शैली नै बौद्ध दर्शनमा आधारित रहेको छ। हिमाली बौद्ध समुदायमा धार्मिक, सामाजिक, सांस्कृतिक समानता देखिए तापनि चुम उपत्यकामा प्रचलित अहिंसाको संस्कृतिले विशिष्ट खालको फरक पहिचान दिएको छ। यसलाई चुम्बा भाषामा *श्याग्या* भनिन्छ। जहाँ *श्या* को अर्थ मांश अर्थात् प्राणी, जीव र *ग्या* को अर्थ हिंसा नगर्नु भन्ने बुझिन्छ (लामा ३४)। अर्थात् *श्याग्या* भन्नाले बौद्ध दर्शनको पञ्चशीलमा उल्लेखित अहिंसात्मक सिद्धान्तको आधारमा वन्यजन्तु लगायत कुनै प्रकारका जीवजन्तु, पशुपन्छी र प्राणीहरूप्रति गरिने अहिंसात्मक व्यवहार भन्ने बुझिन्छ (शेर्पा १२६)। यो संस्कृति चुम उपत्यकामा एक शताब्दी पुरानो भइसकेको छ। तसर्थ *श्याग्या* संस्कृति चुम उपत्यकाको विशिष्ट अमूर्त सांस्कृतिक सम्पदाको रुपमा लिन सकिन्छ।

अमूर्त सांस्कृतिक सम्पदा संरक्षण सम्बन्धि महासन्धि सन् २००३ द्वारा परिभाषित गरिएअनुसार "अमूर्त सांस्कृतिक सम्पदा भन्नाले प्रचलनहरू, प्रतिनिधित्वहरू, अभिव्यक्तिहरू, ज्ञान, सीपहरू साथै साधनहरू, वस्तुहरू, कलात्मक वस्तुहरू र त्यससंग जोडिएका सांस्कृतिक स्थलहरू, जसलाई ती समुदायहरू, समूहहरू तथा कतिपय अवस्थामा व्यक्तिहरूले सांस्कृतिक सम्पदाको अंगको रूपमा चिनाइरहेका हुन्छन्, ती सबैलाई बुझ्नुपर्दछ। यो अमूर्त सांस्कृतिक सम्पदा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै, समुदाय र समूहद्वारा तिनीहरूको वातावरण, प्रकृति तथा तीनका इतिहाससंगको अन्तरक्रियाको प्रत्युत्तरमा निरन्तर पुनरूत्पादन हुन्छ। यसले तिनीहरूलाई परिचय र निरन्तरताको अनुभूति प्रदान गर्दछ (गुरूङ ११७–१८) "। यसरी अमूर्त सम्पदाको क्षेत्र निकै व्यापक भएको र यस परीभाषा

अनुसार पनि *श्याग्या* संस्कृतिलाई अमूर्त सास्कृतिक सम्पदाको रुपमा लिन सकिने देखिन्छ ।

संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को)ले प्रचलनहरू, अभिव्यक्तिहरू, ज्ञान, सीपहरू, साथसाथै साधनहरू, वस्तुहरू, कला वास्तुहरू र सांस्कृतिक स्थलहरू, जसलाई ती समुदाय, समूह तथा कतिपय अवस्थामा व्यक्ति समेतले सांस्कृतिक सम्पदाको अङ्गको रूपमा चिनारी गरिरहेका पक्षलाई अमूर्त सम्पदा भनेर चिनाएको छ ("अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण सम्बन्धि महासन्धि सन् २०२३" ७) । यस परिभाषा अनुसार चुम उपत्यकामा प्रचलित अहिंसाको संस्कृति यस उपत्यकाकै पर्यायको रुपमा स्थापित भएकोले एउटा विशिष्ट सम्पदाको रुपमा लिन सकिन्छ । यस्तो जिवन्त संस्कृतिलाई संरक्षण गरी यस अवधारणालाई अन्यत्र पनि लागू गर्नु जरुरी देखिन्छ ।

शताब्दीभन्दा पुरानो *श्याग्या* संस्कृतिलाई एउटा पुस्ताबाट अर्को पुस्तालाई हस्तान्तरण गर्दै आजसम्म आइपुग्दा कस्ता कस्ता चुनौतिहरू देखिए ? यस संस्कृतिलाई स्थानीय गुम्बा, धर्मगुरु, सामाजिक अभियन्ता, संघसंस्था, व्यक्तिहरूले कसरी संरक्षण गर्दै आएका छन् ? भन्ने विषय यस अध्ययनको अनुसन्धाननीय प्रश्न रहेको छ । यस अध्ययनको उद्देश्य *श्याग्या* संस्कृतिको संरक्षणमा देखिएका चुनौतिलाई प्रकाश पार्नु र यसको संरक्षण गर्न भएका प्रयासहरूलाई उजागर गर्नु रहेको छ ।

यो अध्ययन गुणात्मक प्रकृतिको अध्ययन हो जसमा अन्तरवार्ता, अवलोकन, अप्रत्यक्ष कुराकानी, अभिलेखहरूबाट प्राथमिक तथ्याङ्कहरू सङ्कलन गरिएको छ भने पुस्तक, अनुसन्धानमूलक लेख, संस्थागत प्रतिवेदन, शोध प्रतिवेदन जस्ता स्रोतहरूबाट द्वितीयक तथ्याङ्कहरू संकलन गरी विश्लेषण गरी निष्कर्ष निकालिएको छ । यसर्थ यस अध्ययनमा निगमनात्मक विधि अपनाइएको छ । यस अध्ययनमा बौद्ध सिद्धान्तको आधारमा सामुदायिक सहभागितामूलक अवधारणालाई अवलम्बन गरिएको छ । यो अध्ययन भौगोलिक रुपमा चुम उपत्यकाभित्र र विषयगत रुपमा अहिंसा संस्कृतिको संरक्षण पक्षमा केन्द्रित रहेको छ । यस अध्ययनबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय बौद्ध जगतमा पनि यसको अभ्यास गर्न थप सहयोग पुग्नुका साथै एउटा विशिष्ट सांस्कृतिक सम्पदाको रुपमा चीरकालसम्म संरक्षण गर्नमा पनि सहयोग पुग्ने अपेक्षा राखिएको छ ।

## अहिंसाको घोषणा तथा प्रतिबद्धता

चुम उपत्यकामा बसोबास गर्ने चुम्बा आदिवासी जनजाति समुदायले आफ्नो भूमि र भूक्षेत्रमा रहेका वनजंगल, जीवजन्तु, र प्राणीको रक्षाका लागि अवलम्बन गर्दै आएको *श्याग्या* परम्पराले शदीयौँदेखि पुर्याउँदै आएको योगदानलाई आत्मसात् गरी वि.सं. १९७७ सालमा गुरु डुक्पा रिन्पोछे (सेराप दोर्जे)को उत्प्रेरणामा यस क्षेत्रको अहिंसा परम्परालाई पालना गर्ने गराउने स्थानीय वासिन्दाहरूले

मौखिक रुपमा सामूहिक प्रतिबद्धता र स्वघोषणा गरेका थिए। यसरी घोषणा गर्दा गुम्बाका प्रमुख लामाहरू, सबै *लाब्राङ*हरू, प्रत्येक घरका प्रतिनिधि, स्थानीय समाजसेवीहरूको उपस्थितिमा प्रतिबद्धता जनाएको पाइन्छ। जसलाई अभिलेख गरी *लाब्राङ*हरूको संरक्षणमा राखिएको छ। यस परम्परालाई अनन्तकालसम्म निरन्तरता दिनका लागि स्थानीय आदिवासी जनजातिको आफ्नै स्वायत्त, स्वनिर्णय, एवं स्वयंसेवी भावनाका साथै सामाजिक परम्परा, संस्कृति एवम् प्राणीप्रतिको अहिंसात्मक भावनाका आधारमा सञ्चालित हुँदै आएको छ।

वि.सं. १९७७ मा मौखिक रुपमा भएको अहिंसाको घोषणा र प्रतिबद्धतालाई वि.सं. १९९६ मा डुग्पा रिन्पोछे र ढाकार रिन्पोछेको उपस्थितिमा १९ वर्षपछि पहिलो पटक भोट भाषामा लिपिबद्ध गरिएको हो। त्यसलाई वि.सं. २०२७ सालमा पुनः सम्भोट लिपिमा नै लिपिबद्ध गरियो (परिशिष्ट, चित्र नं.२)। उक्त प्रतिबद्धताको अभिलेखलाई वि.सं. २०२९ सालमा देवनागरी लिपिमा लिपिबद्ध गरिएको पाइन्छ (परिशिष्ट, चित्र नं.३)।

चुम उपत्यका अहिंसा क्षेत्र घोषणा भएपछि यसलाई चीरकालसम्म जिवन्त राख्न निरन्तर अभियानकै रुपमा प्रयास भइरहेको छ। उपल्लो चुमको केही गाउँबाट शुरूवात गरी बिस्तारै लागू गरिने क्षेत्र विस्तार गर्दै उपल्लो चुमको पूरै क्षेत्रलाई हिंसामुक्त क्षेत्र घोषणा गरियो। त्यतिखेर गाउँका *लाब्राङ* लामाहरू, गुम्बाका प्रमुख लामाहरू, समाजका नेतृत्वकर्ताहरू, प्रत्येक घरका प्रतिनिधिको उपस्थितिमा प्रतिबद्धता पत्रमा हस्ताक्षर भयो। यो पत्र भोट भाषामा संम्भोट लिपि प्रयोग गरी लिपिबद्ध गरिएको छ।

## अहिंसा संस्कृतिको संरक्षणका लागि भएका प्रयासहरू

अहिंसा परम्परालाई संरक्षण गर्ने उद्देश्यले *श्याग्या* संरक्षण समिति गठन भएको हो। जसको उद्देश्य यस परम्परालाई अभियानकै रुपमा चिरकालका लागि जिवन्त कायम राख्नु रहेको पाइन्छ। यसको लागि पुस्ता हस्तान्तरण गर्दै बौद्ध दर्शनमा आधारित अहिंसात्मक सिद्धान्तलाई प्रत्येकले दैनिक जीवनमा अबलम्बन गर्ने गराउने प्रयास गर्दै आएको छ। त्यसपछि विभिन्न समयमा महोत्सवहरूको आयोजना र राष्ट्रिय, अन्तराष्ट्रिय स्तरमा गोष्ठी, सेमिनार, छलफलको आयोजना गर्दै आएको छ।

वि.सं.२०५५ मा माथिल्लो चुममा पहिलो पटक चुम सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको थियो। वि.सं. २०६५ सालमा यस अभियानलाई गोरखा जिल्ला परिषद्ले औपचारिक रुपमा स्वीकार गरेको थियो। यसै समयमा उपत्यकाभन्दा बाहिरबाट कामको सिलसिलामा आएका कर्मचारीहरूले पनि *श्याग्या* अभियानलाई परिपालन गर्न प्रतिबद्धता गरेको थियो। यसका साथै *श्याग्या* अभियानलाई लागू गर्ने चार किल्ला तोकेको हो। यही वर्षदेखि तत्कालिन छेकम्पार गाउँ विकास समितिले यसलाई औपचारिक

मान्यता दियो ।

वि.सं २०६६ मा प्रथम *श्याग्या* महोत्सवको आयोजना गरियो । त्यसै वर्षदेखि गोरखा जिल्ला विकास समितिले पनि यस अभियानलाई मान्यता दिएको पाइन्छ । वि.सं. २०६९ मा दोस्रो *श्याग्या* महोत्सवको आयोजना गरियो । यस महोत्सवमा डुग्पा रिन्पोछे, तत्कालिन सरकारका प्रधानमन्त्री, मुख्य सचिव, जिल्लाका प्रमुखहरू, प्रमुख राजनीतिक दलका प्रतिनिधिहरू, स्थानीय समाजसेवी साथै डुक्पा रिन्पोछेको समुपस्थिति रहेको थियो । उपल्लो चुमलाई हिंसामुक्त क्षेत्र घोषणा भएको निकै पछि वि.सं.२०६९ सालमा तल्लो चुमलाई पनि अहिंसा क्षेत्र घोषणा गरिएको देखिन्छ । त्यसपछि पूरै चुम उपत्यका हिंसामुक्त क्षेत्रभित्र समेटिएको छ । यसरी सिमित क्षेत्रबाट शुरु गरी क्षेत्र विस्तार गर्दै लगेको पाइन्छ (लामा ५३) ।

सन् २००६ मा जैविक विविधता तथा सांस्कृतिक सम्पदाको संरक्षणका लागि चुम कल्याण समितिको स्थापना भयो भने सन् २०१९ (वि.सं. २०७५) मा गोरखा जिल्ला प्रशासन कार्यालयमा यस समितिलाई औपचारिक रुपमा दर्ता गरिएको थियो । वि.सं. २०७७ मा *श्याग्या* अभियानको शताब्दी महोत्सवको तयारी भए तापनि विश्वव्यापी कोरोनाको महामारीका कारण स्थगन गरी वि.सं. २०७९ मा सम्पन्न गरेको थियो । रैथाने परम्पराको रुपमा प्रचलित *श्याग्या* परम्परालाई यसै सालदेखि चुमनुब्रि गाउँपालिकाले कानूनको रुपमा जारी गरेको पाइन्छ (आइ सी सी ए कन्सोर्टियम् पेज न उल्लेख नभएको) ।

## अहिंसा संस्कृतिको संरक्षणका लागि निर्माण भएका ऐन नियम

*श्याग्या* अभियानलाई पुस्ता हस्तान्तरण गर्दै चीरकालसम्म जिवन्त राख्नका निमित्त तथा त्यसलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्न गराउनका लागि स्पष्ट नियमहरू निर्धारण गरिएको देखिन्छ । यस्ता नियमहरू समय समयमा हुँदै आएको महोत्सवको समयमा हस्ताक्षर गरी प्रतिबद्धता गराएको पाइन्छ (चित्र नं. ६, ७) ।

चुम उपत्यकाभित्र यस चुमनुब्रि गाउँपालिकाभित्र पर्ने चुम उपत्यकाको यो *श्याग्या* संस्कृतिलाई स्थानीय सरकारले वि.सं. २०७९ मा *श्याग्या* परम्परा संरक्षण सम्बन्धिमा बनेको ऐन, २०७९ भनेर पारित गरेको छ । गाउँपालिकाको पहल तथा चुम्बाहरूको सहयोगमा वनजंगल, सम्पूर्ण प्राणीहरूको रक्षाका लागि *श्याग्या* परम्पराले शदियौँदेखि योगदान दिँदै आएको यो परम्परालाई संरक्षण गर्दै निरन्तरता दिनका लागि कानूनी व्यवस्था गर्नु वाञ्छनीय भएकोले नेपालको संविधान २०७२ को धारा २२१ र २२६ र अनुसूचि ७ र ९ अनुसार कार्यन्वयनका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ मा रही गाउँपालिकाले *श्याग्या* परम्परा सम्बन्धमा बनेको ऐन, २०७९ निर्माण गरेको छ (“*श्याग्या*

परम्परा संरक्षण सम्बन्धमा बनेको ऐन २०७९")। यस ऐनले अहिंसाको यस परम्पराबाट अहिंसात्मक र आध्यात्मिक सम्बन्ध, परम्पराको संरक्षण र निरन्तरता, सामूहिक सहभागिता तथा प्रतिबद्धतालाई प्राथमिकतामा राखेको पाइन्छ।

## श्याग्या अभियान अन्तर्गतका नियमहरू

बौद्धधर्ममा पञ्चशील आधारभूत शील हो। यस अन्तर्गत प्राणी हिंसा नगर्ने वा गर्न नदिने शील पहिलो शील हो। यसमा प्रत्यक्ष आफैँले हिंसा गरेको मात्र नभएर आफू हिंसा हुने कारण नबन्नु पनि हो। स्वयम् आफैँले हिंसा नगर्नु र आफ्नो कारणले हिंसा हुन नदिनु नै यो शीलको पालना गर्नु हो। चुम उपत्यकामा प्रचलित अहिंसा (*श्याग्या*) अभियानमा स्वयम्ले हिंसा नगर्नु र अरूलाई पनि गर्न नदिने अवधारणामा आधारित छ। यही अवधारणाअनुसार अहिंसाको शीललाई जीवनमा अभ्यास गर्न गराउनको लागि नितान्त मौलिक तथा निषेधात्मक नियमहरू अवलम्बन गरेका छन्। जुन जुन क्रियाकलापबाट त्यहाँ प्राणी हिंसा हुने गर्छ अथवा त्यस्ता कार्यलाई प्रोत्साहन गर्दछ, त्यस प्रकारका क्रियाकलापलाई निषेध गरिने नियम लागू गरेको छ। जस्तैः कुनै किसिमका वन्यजन्तुको शिकार नगर्ने, पासो थाप्न निषेध, मह काढ्न नपाउने, घरपाल्तु जनावरको बिक्री गर्न नपाउने तथा काटमार गर्न नपाउने, काटमार गर्ने मनशायले कुनै घरपाल्तु जनावरहरूको बिक्री गर्न नपाउने, चौँरी तथा गाइको सानो बाच्छो काटमार गर्न नपाउने, चरन क्षेत्र तथा वन जङ्गलमा डढेलो लगाउन नपाउने जस्ता नियमहरू लागू गरेको हो। यसलाई प्रतिवद्धतापत्रहरूमा साथै चुमनुब्रि गाउँपालिकाद्वारा प्रकाशित *श्याग्या* परम्परा संरक्षण सम्बन्धमा बनेको ऐन २०७९ मा पनि उल्लेख गरिएको छ।

## अहिंसा अभियानको विशेषता

चुम उपत्यकामा अहिंसाको अभ्यासलाई उपल्लो चुमको छेकम्पारबाट शुरूवात गरिएको र विभिन्न समयमा विस्तार गर्दै उपल्लो चुमका सबै गाउँमा लागू गरिएको छ। तल्लो चुममा वि.सं. २०६९ देखि लागू गरिएको पाइन्छ। हाल पूर्वमा ङुइला भञ्ज्याङ, पश्चिममा थाप्ला भञ्ज्याङ, उत्तरमा यामडो, तिब्बतको सिमाना र दक्षिणमा तल्लो चुमको घोग र केरौजाको सिमानाभित्रका चार किल्लाभित्रको क्षेत्रलाई अहिंसा क्षेत्र कायम गरिएको देखिन्छ।

निश्चित व्यक्तिगत विशेषले अहिंसाको शीललाई पालना गरेको र अभ्यास गरेको पाइन्छ। तर सिङ्गो समुदायले नै शदियौँसम्म निरन्तर यस शीललाई दैनिक जिवनमै पालना गरेको पाउन सकिँदैन। चुम उपत्यकाका बासिन्दाले मात्र नभएर बाहिरबाट गइ त्यहाँ अस्थायी रूपमा बसोबास गर्दै आएका

सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, शिक्षक जस्ता सरकारी कर्मचारी तथा पर्यटक लगायत सबैले यस नियमलाई अनिवार्य पालना गर्नुपर्छ। चुममा *श्याग्या* अभियानका लागि पालना गर्नु पर्ने नियमहरू अरू ठाउँमा भने पाइदैन। मनास्लु संरक्षण परियोजनाले वन्य जन्तु चोरी शिकारी रोक्ने प्रयास गरेको छ। तर *श्याग्या* अभियानले चोरी शिकारी मात्र नभएर घरपाल्तु प्राणीहरूलाई पनि समेटेको छ। यस अभियानको विषयमा सबै चुम्बाहरू सचेत र सजग भएको पाइन्छ ("उपल्लो चुम निवासी युवा बुद्धिजिवी छाङ्ग चुम्बा लामासँग मिति २०७७ मंसिर १५ गते गरिएको कुराकानी")।

शुरूमा प्रतिबद्धता गरिए अनुसार चुम्बाहरूले निरन्तर पालना गर्दै आएका छन्। यस उपत्यकाका मु गुम्बा देक्षेन ल्हुण्डुप, राछेन ज्याङ्क्षु छयोलिङ जस्ता प्रमुख गुम्बाका प्रमुख लामाहरू, निले *लाब्राङ*, ङाग् *लाब्राङ*, खाङ्सार *लाब्राङ*, तत्कालिन तालुकदारले यस अभियानमा शुरूवातदेखि नै सहकार्य गरेको पाइन्छ।

काठमाडौ आएर स्थायी अस्थायी रूपमा वसोबास गर्दै आएका चुम्बाहरूले वि.सं. २०६३ मा चुम कल्याणकारी समिति स्थापना गरेको छ। यस अभियानलाई वि.सं. २०६५ मा छेकम्पार गाउँ परीषद्ले अहिंसाको अभ्यासलाई औपचारिक रुपमा अनुमोदन ग¥यो। यस संस्थाले वि.सं. २०६६ सालमा पहिलो चुम सांस्कृतिक महोत्सव कार्यक्रम र चुम सांस्कृतिक *श्याग्या* महोत्सव २०६६ आयोजना गरेको थियो (चित्र नं.३)। समितिले नयाँ पिँढीलाई समावेश गरी उनीहरूलाई यसबारे सुसूचित गर्ने, हस्तान्तरण गर्ने उद्देश्यले महोत्सवहरू आयोजना गर्दै आएको छ। गोरखा जिल्ला विकास समिति, तत्कालिन प्रधानमन्त्री, मुख्य सचिव पनि महोत्सवमा उपस्थिति भएको देखिन्छ। जिल्ला तथा स्थानीय तहका विभिन्न राजनीतिक दलहरू, स्थानीय विद्यालयहरू, सुरक्षा निकाय सबैको सहभागि साथै समर्थन रहेको पाइन्छ ("चुम उपत्यकाका प्रसिद्ध समाजसेवी निमा लामासँग मिति २०७८ देखि यता विभिन्न समयका लागि गरिएको गहन कुराकानी")।

*श्याग्या* अभियान अन्तर्गत बनाइएका नियमलाई घोषणा गरेदेखि नै हरेक घरका प्रतिनिधिले पालना गर्ने प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेका छन्। अभियानमा चुम कल्याणकारी समिति, मनास्लु संरक्षण क्षेत्र परियोजना, स्थानीय निकाय, आमा समूह, युवा समूह, गुम्बाहरू, उपत्यकाका सबै *लाब्राङ* लामाहरू, स्थानीय सामजिक संघसंस्थाहरू सक्रिय रुपमा संलग्न भएको पाइन्छ। प्राप्त सूचनाअनुसार यस अभियानलाई नयाँ पुस्तालाई हस्तान्तरण गर्ने उद्देश्यले वि.सं.२०६६ सालमा पहिलो *श्याग्या* महोत्सव आयोजना गरिएको थियो (फोटो नं. ४ र ५)। यस अवसरमा *श्याग्या* अभियानका नियमहरूलाई पुनः प्रतिबद्धता जनाउन र यसलाई लागू गरिने चार किल्लाको निर्धारण गरी घोषणा गरिएको थियो (श्रेष्ठ १०६)। त्यसैगरी वि.सं. २०६९ मा चुम महोत्सवः *श्याग्या* महोत्सव अहिंसाको सन्देश तथा बौद्ध संस्कृति

भन्ने नारा सहित सम्पन्न भयो । वि.सं. २०७७ सालमा उनीहरूले चुम उपत्यकालाई हिसामुक्त क्षेत्र घोषणा गरेको एक शताब्दी पुगेको अवसरमा बृहत कार्यक्रम आयोजना गर्ने भव्य तयारी गरेको थियो । यसको लागि स्थानीय, जिल्ला, प्रदेश तथा केन्द्रीय तहसम्मै जानकारी दिइसकेको थियो । मूल आयोजक समिति गठन गरिसकेको थियो । बौद्ध गुरूहरू, संघ संस्थाहरूलाई पत्राचार भैसकेको थियो । तर विश्वव्यापी कोभिड संक्रमण बढ्दै गएपछि कार्यक्रम स्थगित गर्नु प¥यो । यसरी पटक पटक भएका महोत्सवलाई सफल पार्नका स्थानीय व्यक्तिहरू देखि त्यहाँका आमा समूह, युवा समूह, गुम्बाहरू, विद्यालय, सामाजिक संघ संस्थाहरू, काठमाडौ आएर बसोबास गर्ने चुम्बाहरूको संस्था चुम कल्याणकारी समिति, रिन्पोछे लामा गुरूहरू, आनीहरू, *लाब्राङ* लामाहरूको पनि सहभागिता भएको थियो ।

हिंसामुक्त क्षेत्रको घोषणा अथवा *श्याग्या* अभियान नितान्त बौद्ध सिद्धान्तमा आधारित छ । यहाँ हिंसा भन्नाले जिवीत प्राणीहरूको हत्या, चोरी, शिकारी मात्र नभएर उनीहरूलाई भय सृजना गर्नु, स्वतन्त्र जीउनबाट बाधा व्यवधान सृजना गर्नु, कुनै प्रकारले हानी पुर्‍याउनुलाई पनि हिंसाको रूपमा लिएको पाइन्छ (जैन ५६३) । यस घोषणामा उल्लेख गरिएका बुँदाहरूलाई पालना गर्ने प्रतिबद्धताका साथ सबैले हस्ताक्षर गरेका छन् । यस प्रतिबद्धताभित्र उल्लेखित नियमहरूलाई कहीँ कसैले उल्लङ्घन गरेमा त्यसको जरिवाना स्वरूप गुम्बामा हजार बत्ती बालिदिनु पर्ने र आफूले अकुशल कर्मको प्रायश्चित गरी हजार पटक छयाग गर्नु पर्ने, पुनः यस्तो गल्ती नदोहोर्‍याउने प्रतिबद्धता गर्ने जस्ता कारवाही राखिएको छ (गुरूङ र लामा ५) । यसबाट उसले गरेको अकुशल कर्मबाट मुक्त हुने अवसर दिइएको पाइन्छ । उसलाई राज्यको कानूनले भन्दा पनि करूणाभावका साथ धार्मिक दण्ड सजायँ दिइन्छ । यसले गर्दा राज्यको कानून, समाजले लागू गर्ने अन्य नियम कानूनको भयले भन्दा पनि अकुशल कर्मको फल भोग्नु पर्ने भयले बाँधेको छ ।

चुम्बाहरूले यस अहिंसाको अभियान अन्तर्गत विभिन्न निषेधात्मक नियमहरू बनाएर कार्यन्वयन गरेको पाइन्छ । कुनै पनि जीव–जनावर काटमार निषेध गरिएको छ । चौँरी, भेडा, च्याङ्ग्रा, खसी, बोका, हाँस, कुखुरा आदि जस्ता घरपाल्तु जनावर साथै कुनै पनि वन्य जन्तुहरू अनि पशुपक्षी काटमार गर्न नपाउने । यस क्षेत्रमा आउने पाहुना, पर्यटक, कर्मचारी एवं सुरक्षाकर्मीहरूले पनि चाडपर्व र दशैँमा समेत पशु वध नगरी अहिंसाप्रति श्रद्धा र भक्ति जाहेर गर्ने नियम सबैले पालना गर्नु पर्दछ । यसै उद्देश्यका लागि शिकार खेल्न निषेध गरिएको छ । वन्यजन्तु, पशुपक्षीको स्वतन्त्र जीउन दिनको लागि तथा त्यस्ता जीवजन्तुको कल्याण गर्न अहिंसा क्षेत्रभित्र शिकार खेल्न निषेध गर्ने नियम लागू गरिएको छ । पासो, धराप थापेर वा कुनै पनि उपायबाट चराचुरूङ्गी लगायत जङ्गली जनावरलाई छोप्ने र हिंसा गर्न निषेध गरिएको छ । मह काड्न पनि निषेध गरिएको छ । भीर पाखामा माहुरीका घार भत्काई, आगो–डढेलो

लगाई मह काड्नाले हजारौँ प्राणीमाथि हिंसा हुन जाने भएकोले मह काड्न निषेध गरिएको छ।

हिंसामुक्त क्षेत्रभित्र डढेलो लगाउन निषेध गरिएको छ। सामुदायिक वन, निजी वन एवं चरन क्षेत्रहरूमा आगो÷डढेलो लगाउन पाउँदैन। वन जङ्गलमा खोरिया फाँडेर खेती गर्नाले सत्वप्राणीहरूको हिंसा हुन जाने भएकोले डढेलो लगाउन निषेध गरिएको छ। मासु खाने वा अंग प्रत्यङ्गको व्यापार गर्ने प्रयोजनका लागि कुनै पनि जीव एवम् पक्षीलाई अहिंसा क्षेत्रभित्र प्रवेश निषेध गरिएको छ। काम दिन नसक्ने गरी बुढो भएपछि पनि कुनै जनावरलाई हत्या गरी खाने व्यक्तिलाई बेच्ने र चौँरीको बाच्छा मार्न निषेध गरिएको छ। कुनै तवरबाट प्राणी हिंसा वा मारकाट नगर्ने चलनलाई यथावत राख्ने अर्थात काटमार र पशु वध पूर्ण रूपमा निषेध गरिएको छ।

निषेध गरिएका यस्ता नियमहरूलाई उपत्यकाको प्रवेशद्वारमा र अन्य ठाउँहरूमा पनि लिखित सूचनाको रुपमा राखिएको छ। सामाजिक, अर्थिक, भौतिक आवस्थाको बदलिँदो परिस्थितिमा चुम क्षेत्रलाई आन्तरिक तथा वाह्य पर्यटन प्रवद्र्धन गर्ने, स्थानीय धर्म संस्कृति, परम्परा र प्रकृतिको संरक्षण एवं सम्बद्र्धन गर्ने कार्यलाई सघाएर *श्याग्या* अभियानलाई चिरकालसम्म जिवन्त गर्न *लाब्राङ*हरू, गुम्बा, लामाहरू, युवा, महिला, स्थानीय सरकार, समाजसेवी, बुद्धिजिवी, चुम कल्याण समिति सबै उत्तिकै सक्रिय रहेको यस अनुसन्धानबाट पुष्टि भएको छ।

## अहिंसा अभियानको प्रभाव

*श्याग्या* परम्परा चुमको संस्कृतिको पर्यायको रूपमा स्थापित हुँदै गएको छ। चुम्बाहरू वाल्यकालदेखि नै यसलाई दैनिक जीवनमा पालना गर्दै आएको हुँदा सबैले यसलाई सहजै अपनत्व लिएका छन्। चुम्बाहरू शिकारी शब्दलाई गाली, श्रापको रूपमा लिन्छन् (“उपल्लो चुम लामा गाउँका युवा तेन्जिन ग्याल्जेनसँग २०७७ साल कार्तिक ४ गते लिएको अन्तरवार्ताबाट प्राप्त तथ्याङ्कअनुसार”)। प्राणीको हिस्रक भन्ने अर्थमा शिकारी शब्दलाई लिने गर्दछ। कुनै कारणले घरपाल्तु जनावर मर्दा पनि मानिसहरू भावुक हुने, रूने गर्दछ। यहाँ गाउँ गाउँमा गठन गरेको *श्याग्या* समितिले दक्षिणतिरका गाउँबाट हुन सक्ने चोरी शिकारीको निगरानी र नियन्त्रण गर्दछ। यो उपत्यका मनास्लु संरक्षण क्षेत्र परियोजनाभित्र पर्ने र परियोजनाको उद्देश्य पनि वन्यजन्तु चोरी शिकारी नियन्त्रण गर्ने रहेकोले *श्याग्या* संस्कृतिको संरक्षणमा सहयोग पुगेको पाइन्छ। हिंसामुक्त क्षेत्रको रूपमा चिनिँदै गएपछि पर्यटकहरूको लागि पनि यो एउटा विशिष्ट प्रकृतिका गन्तव्य हुन सक्ने प्रतिक्रियाहरू पाइन्छ। अहिंसा क्षेत्र भएकै कारण भारतका लद्दाख, अरूणाञ्चल जस्ता स्थानहरूबाट पनि बौद्ध गुरूहरू ध्यान बस्न आएको पाइन्छ (“शोधार्थीको स्थलगत अध्ययन भ्रमणको क्रममा मिति २०७७ साल कार्तिक ६ मा उपल्लो चुमको *प्युरेन फुग्* र चौरा

गुम्बामा लद्दाखबाट आएका लामाहरू ध्यानमा बस्दै गरेको प्रत्यक्ष भेटेको थियो")। उनीहरूले चुममा कायम रहेको *श्याग्या* संस्कृतिले, जेचुन मिलारेपा, डुक्पा रिन्पोछेले ध्यान गरेको स्थान भएकोले आफू पनि ध्यान बस्न आएको बताएका थिए।

पहिले पहिले त्यहाँका मानिसहरू हतियार लिएर हिँड्थे। शिकार खेल्थे। अहिले उनीहरू शिकार खेल्दैनन्। वन्यजन्तुको संख्या बढेको छ। बारी, वस्ती नजीकतिर घोरल, झारल, नाउर, मृग जस्ता जङ्गली जनावरहरू समूह समूहमा देखिन्छ। दुर्लभ हिउँ चितुवा निकै देखिन्छ। जङ्गली जनावर, घरपाल्तु जनावर निर्भय तथा स्वतन्त्रताका साथ हिँडडुल गरिरहेको देखिन्छ। *श्याग्या* अभियानले गर्दा नै वन जङ्गल, चरण क्षेत्रको सुरक्षा भएको छ "अनुसन्धानकर्ताले स्थलगत अध्ययन भ्रमणको क्रममा जाँदा नाउर, घोरल जस्ता जङ्गली जनावरहरू गाउँको नजीकै आएर चर्दै गरेको प्रत्यक्ष देखेको थियो")।

दशबर्षे सशस्त्र द्वन्द्वकालमा यस नियमको उल्लङ्घन गर्नेलाई गाउँलेहरूले नियन्त्रणमा लिएर मनास्लु संरक्षण परियोजना क्षेत्र (एमक्याप)मा बुझाएर कारवाही गरेको थियो। वन्यजन्तुको चोरी शिकारीको अपराधलाई सरकारी तथा मनास्लु संरक्षण परियोजना क्षेत्र (एमक्याप)को नियमले पनि समेट्छ। तर यसले घरपाल्तु जनावरलाई समेट्दैन। यसलाई *श्याग्या* अभियानको नियमले समेटेको छ। अहिले नउर, घोरल, झारल, मृग जस्ता जंगली जनावरहरू समूह समूहमा बस्ती नजिकै स्वतन्त्र रुपमा चर्न आएको देख्न सकिन्छ। यस अभियानले गर्दा पर्यावरणीय सन्तुलनमा सहयोग पुग्नुका साथै जैविक विविधतालाई पनि बचाउन सहयोग पुगेको छ। स्वाभाविक रूपमा जैविक विविधता तथा पर्यावरणीय सन्तुलन जलवायुको असरलाई कमी गर्न सहयोग पुगेको छ। यसबाट अनगिन्ती सत्व प्राणीहरूको संरक्षण भएको छ।

## अहिंसा अभियानका चुनौति

समग्र हिमाली क्षेत्रमा जस्तै चुम उपत्यकामा पनि बुद्धधर्मको प्रवेश हुनुभन्दा पूर्व बोन धर्मको प्रभाव रहेको पाइन्छ। बोन धर्ममा पशुबली दिने चलन निकै पाइन्छ (बज्राचार्य २९)। त्यहाँ पाइने माने खोर्लोहरू, परम्परागत कपडा, जुत्ता, गहना जस्ता परम्परागत पहिरन, कृषि औजार जस्ता सामग्रीहरूमा प्रयोग भएकोबाट पनि जीव हिंसा प्रचलनमा भएको कुरालाई पुष्टि गर्छ। नाराग नाच, छाम नाच जस्ता परम्परागत लोक नृत्यहरूमा धनुषबाँणको प्रयोग गरिनु, शिकारीको प्रसङ्ग आउने प्रशस्त लोककथा, लोक नृत्यहरू हुनुले पनि हिंसात्मक क्रियाकलाप भएको थप प्रमणित गर्छ।

अहिंसा अभियान शुरू भएपछि पनि समय समयमा निकै चुनौतिहरूको सामना गर्नु परेको थियो। यसले गर्दा यस अभियानका नियमलाई उल्लङ्घन गर्ने प्रयास भएका थिए। खासगरी राजनीतिक क्रान्ति,

उतार चढावले यस्ता चुनौतिहरू थपिए। सन् १९५९ मा चिनीया सांस्कृतिक क्रान्तिले गर्दा तिब्बतमा पर्न गएको राजनीतिक परीवर्तनका कारण खाम्पा विद्रोहीहरू नेपालको हिमाली क्षेत्रमा प्रवेश गरेका थिए। उनीहरू चुम उपत्यकामा आइपुगेका थिए। त्यसै समयमा दलाइ लामा भारतमा निर्वासन भएका थिए। यिनीहरूले घरपाल्तु जनावरहरू जस्तैः याक, झो, चौँरी आदिका साथै जङ्गली जनावरहरू क्रूरपूर्वक काटमार गर्न लगाउने, आफूखुशी जिवजन्तुको शिकार गर्ने, समुदायमा भय र त्रास सृजना गर्ने, मानिसहरूलाई नियन्त्रणमा लिने, भय र त्रास फैलाउने, परम्परादेखि नै प्रचलित स्थानीय रीतिस्थितिको जबर्जस्ती उल्लङ्घन जस्ता अमानवीय कार्यहरू भएको कुरा स्थानीय बृद्धबृद्धाहरू सुनाउँछन्। आफ्नो लागि प्रत्येक दिन मासु ल्याइदिनका लागि घर घरमा दबाव दिने गर्थे। त्यहाँ अभ्यास गर्दै आएको *श्याग्या* अभियानका नियमहरूलाई उलङ्घन गर्थे ("मिति २०७७ साल कार्तिक १९ उपल्लो चुमस्थित बुर्जि गाउँका ८४ वर्षिय मे छिरिङसँग गरिएको कुराकानीबाट प्राप्त जानकारी अनुसार")। तर विस्तारै गाउँलेहरूले, लामा गुरूहरूले सम्झाउने बुझाउने गरेपछि उनीहरूले पनि पालना गरेका थिए।

चुम उपत्यका धरै पहिलेदेखि नै दक्षिण भेग तथा तिब्बतका व्यापारीहरूका लागि आवत जावत गर्ने नाका थियो। दशैँ तिहार जस्ता चाडपर्वहरूमा तिब्बतबाट हजारौँको संख्यामा भेडा, च्याङ्ग्राहरू दक्षिणी भेगका गाउँहरूमा बिक्रीको लागि लैजाने गर्दथे। घरपाल्तु जनावरहरू विक्रीका लागि पाल्ने गरेको पनि पाइन्छ। उपत्यकाभन्दा बाहिरबाट शिकारीहरू आएर वन्यजन्तुहरूको चोरी शिकार गर्ने गरेको पनि पाइन्छ।

नेपालका केही सरकारी निकायहरू जस्तै स्वास्थ्य चौकी, सीमा सुरक्षाका लागि खट्टिएका प्रहरी समूह, समय समयमा छोटो समयका लागि बाहिरबाट आउने मानिसहरूलाई शुरू शुरूमा यस नियमसम्बन्धि राम्रो जानकारी थिएन। उनीहरूले दशैँ तिहार जस्ता चाडपर्वहरू मनाउँदा काटमार गर्न थाले। तर पछि उनीहरूलाई पनि त्यहाँका स्थानीय बासिन्दाहरूले अभियानको विषयमा सम्झाउने र रिन्पोछे गुरूहरूले समय समयमा अहिंसाको विषयमा दिएका धर्मदेशनाले गर्दा उनीहरूले पनि बिस्तारै नियम पालना गरे।

नेपालमा विस २०५१ देखि शुरु भएका दश वर्षे द्वन्दकालमा पनि यस अभियानको लागि चुनौति थियो किनभने त्यस अवधिको विशिष्ट राजनैतिक संक्रमणकालीन अवस्थाले गर्दा सुरक्षाको स्थिति स्थानीयहरूको नियन्त्रणभन्दा बाहिर थियो। उनीहरूले चाहेर पनि नियन्त्रण हुन सकेको थिएन। सुरक्षा प्रहरी चौकी हटेको थियो। यही मौका पारेर तलतिरका मानिसहरू चोरी शिकार गर्न चुम उपत्यकामा जान्थे। द्वन्दकाल पश्चात् देश शान्ति प्रक्रियामा आएपछि गाउँभरि भएका सबै हात हतियार बन्दुकहरूलाई संकलन गरी सबै नष्ट गरिएको थियो ("उपल्लो चुमका समाजसेवी, चुमनुब्रि गाउँपालिका अध्यक्ष निमा

लामाज्यूको भनाई अनुसार”) । चुमको *श्याग्या* अभ्यास परम्परागत धार्मिक अभ्यासको रूपमा पुस्ता हस्तान्तरण हुँदै आएको छ । चुमनुब्रि गाउँपालिकाका अध्यक्ष निमा लामासंगको कुराकानी अनुसार द्वन्दकालपछि दर्जनौँ बन्दूक जस्ता हतियारहरू नष्ट गरिएको पाइयो । अहिलको नयाँ पुस्ताहरूमा अध्ययन तथा वैदेशिक रोजगारको नाममा विदेश पलायन हुँदै गएका छन् । शहरतिर बसाइ सराइ गर्ने मानिसहरू बड्दै गयो । यसले गर्दा अभियानलाई पुस्तान्तरण गर्न निकै चुनौति देखिएको छ ।

वि.सं. २०७९ साल माघ २ गते *श्याग्या* परम्पराको रुपमा प्रचलित अटुट परम्परालाई चुमनुब्रि गाउँपालिकाले ऐनको रुपमा स्थानीय राजपत्रमा समेत समावेश गरेको छ । यसलाई कानूनी रुपमै मान्यता दिनको लागि *श्याग्या* परम्परा संरक्षण सम्बन्धमा ऐन, २०७९ जारी गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम चुमनुब्रि गाउँपालिकाको १२ औँ गाउँसभाद्वारा ऐनको निर्माण गरेको छ (“*श्याग्या* परम्परा संरक्षण सम्बन्धमा बनेको ऐन, २०७९”) । यो संस्कृति परम्परा नितान्त बौद्ध सिद्धान्त र भावनामा आधारित रहेको छ । सर्वसत्व प्राणीको हित र कल्याणार्थ यस अभियानलाई एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्दै आएको छ । अब भने यसले कानूनी मान्यता पनि प्राप्त गरेको छ ।

गुरु पद्मसम्भवले चिनाएको वेयुलको अवधारणाको सार तत्व पनि शान्ति र अहिंसा नै हो (बञ्च अफ लोटस ७७) । तसर्थ यो अभ्यास नुब्रि, ह्योल्मो, खुम्बु लगायत अधिकांश हिमाली क्षेत्रमा थियो । भुटानमा पनि नभएको होइन तर चुम उपत्यकामा जस्तै कडाइका साथ सबै *लाब्राङ*हरू, समुदाय, संघसंस्थाहरू समेत सबैले निरन्तर यति लामो इतिहास कायम गरेको अन्यत्र पाइदैन । धेरै स्थानबाट लोप भैसकेका छन्, यसर्थ यो अभियान आफैँमा एउटा उदाहरणीय सम्पदा हो । यसले केवल अहिंसा मात्र नभएर कुनै पनि प्राणीले स्वतन्त्र रूपमा जिउन पाउने अधिकारको सुरक्षा गरेको छ । साथै प्रत्यक्ष हत्याको उद्देश्यले गरिने कुनै किसिमको क्रियाकलाप पनि रोकेको छ । त्यसैगरी प्रत्यक्ष रूपमा हत्या गर्ने उद्देश्य नहुँदा नहुँदै पनि प्राणीलाई भय, डर, त्रास हुन सक्ने किसिमका क्रियाकलापहरू हुन नदिनुलाई पनि यस नियमले समेटेको छ । समुदायलाई एकतृत गर्दै यस अभियानलाई कायम राख्न चुम उपत्यकाका *लाब्राङ*हरूको महत्वपूर्ण भूमिका रहेको छ ।

## निष्कर्ष

यस अध्ययनको क्रममा प्राप्त तथ्याङ्क र त्यस बिश्लेषण गरी निम्नलिखित निष्कर्षहरूलाई प्रस्तुत गरिएको छ ।

१. *श्याग्या* संस्कृति चुम उपत्यकाको विशिष्ट सांस्कृतिक पहिचान बनेको छ । नितान्त बौद्ध दर्शन अन्तर्गत पञ्चशीलको पहिलो शीलमा आधारित यो संस्कृति नेपालकै र विश्व बौद्ध समुदायको

लागि विशिष्ट बौद्ध सांस्कृतिक सम्पदा मान सकिन्छ।

२. चुम उपत्यकामा प्रचलित अहिंसा संस्कृति समुदाय सहभागितामूलक अवधारणामा आधारित सम्पदा हो, जसमा सम्पूर्ण चुम्बाहरू, लामा गुरुहरू, स्थानीय पम्परागत, धार्मिक तथा सामाजिक संघ संस्थाहरू, *लाब्राङ* लामाहरू, प्रमुख लामाहरू, जनप्रतिनिधि, समाजसेवी, स्थानीय सरकार सबैले अपनत्व लिएको छ र सबै पक्षको महत्वपूर्ण योगदान रहेको छ।

३. चुम उपत्यकामा प्रचलित रैथाने परम्परा, अभ्यासबाट यो अभियान नितान्त मौलिक संस्कृतिको रुपमा स्थापित भएको छ।

४. *श्याग्या* संस्कृतिलाई जिवन्त बनाउन धार्मिक श्रद्धा तथा आस्थाको जगमा औपचारिक रुपमा विभिन्न समयमा महोत्सव, गोष्ठीको माध्यमबाट र प्रतिबद्धता पत्र, अभिलेखलाई संरक्षण गर्दै एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्दै आएको छ।

५. स्थानीय सरकारदेखि नै बैधानिकता प्रदान गर्दै यसलाई ऐनकै रुपमा संरक्षण गरेको छ, जसमा संघीय सरकारको समेत सहभागिता रहेकोले यस अभियानलाई धार्मिक, आध्यात्मिक रुपमा मात्र नभएर औपचारिक ऐन कानूनकै रुपमा स्थापित भइसकेको छ।

६. यसले चुम उपत्यकामा सम्पूर्ण सत्वप्राणीको हित र कल्याण गर्दै जैविक विविधताको समेत संरक्षण भएको छ।

## सुझावहरू

१. *लाब्राङ*हरूको सत्प्रयासलाई सरकार तथा राजनीतिक दलहरूबाट पनि सम्मान गरिनुपर्दछ।

२. सरकारले स्थानीयको उत्साहमा उर्जा थप्ने कार्यक्रमहरू लैजानु पर्दछ।

३. नयाँ पुस्तामा बौद्ध शिक्षा, अहिंसा, भातृत्व, मैत्री, करुणा, शान्तिका बारृ कक्षाको व्यवस्था गरिनुपर्दछ। लुम्बिनी बौद्ध विश्वविद्यालयबाट यसमा पहल गर्न सक्छन्।

४. चुम उपत्यका बाहेक अन्यत्र पनि यो अभियान विस्तार गरिनुपर्छ। यसबारे एक कृतिको प्रकाशन प्रचार आवश्यक छ।

५. चुमनुब्रिलाई एक आदर्श उपत्यकाको रुपमा प्रचार गरिनुपर्दछ।

## सन्दर्भ सामग्री

गुरूङ, हर्क, *विषय विविध*, हिमाल किताब, सन् २००६, पृ. ११७-११८।

लामा, तेन्जिन नुर्बु (अनुवादक), चुम उपत्यका *श्याग्या* शताब्दी महोत्सव प्रतिवेदन, सन् २०२३, पृ. ५३।

श्रेष्ठ, तीर्थ बहादुर, 'नेपाल अध्ययन (भाग १)', *भूस्वरुप र हावापानी, शिक्षक मासिक*, वि.सं. २०७५, पृ. १०६।

शेर्पा, पासाङ, *नुब्री जातिका समाजशास्त्रीय अध्ययन,* नेपाल प्रज्ञा प्रतिष्ठान, वि.सं. २०८१, पृ. १२६।

---, *अमूर्त सांस्कृतिक सम्पदा संरक्षण सम्बन्धि महासन्धि सन् २००३, संयुक्त राष्ट्र संघीय शैक्षिक, विज्ञान तथा सांस्कृतिक संगठन (युनेस्को),* सन् २००३।

--- , "*श्याग्या परम्परा संरक्षण सम्बन्धमा बनेको ऐन, २०७९*" चुमनुब्रि गाउँपालिका, वि.सं. २०७९।

Bajracharya, Surendra Man. *An Introduction of Buddhist Heritage of Northern Nepal*. Lotus Research Centre, 2008, p. 29.

Dongol, Sanu Bhai. "The Silas in Buddhism." *The Tri-Bodhi.* Department of Buddhist Studies, Tribhuvan University, 2003, p. 32.

Gurung, Judda Bahadur and Nima Lama. 'Defining Conservation Biology.' *Conservation Biology: A Premier for Nepal.* Dreamland Pvt. Ltd., 2013, p. 5.

Jain, Sulekh C. "Ahimsa: The Life force of Humanity in Non-violence as a Way of Life." *History, Theory and Practice, Volume 2.* Motilal Banarasidas, 2017, p. 563.

Lama, Narendra. *Role of Beyul System in Bio-diversity Conservation: A Case Study of Kyimolung in Gorkha, Nepal*. Prithi Narayan Campus, Department of Sociology, Thesis Report of Master Degree, 2072 B.S., p. 34.

---, *Bunch of Lotus.* Sacho Rabten Norbuling Foundation, 2017, p. 77.

## प्रमुख सुचनादातासँग गरिएको कुराकानी

"उपल्लो चुम निवासी युवा बुद्धिजिवी छाङ्ग चुम्बा लामासँग मिति २०७७ मंसिर १५ गते गरिएको कुराकानीबाट प्राप्त तथ्याङ्कअनुसार। वहाँ मनास्लु संरक्षण परियोजनाका कर्मचारी हुनुहुन्छ।"

"उपल्लो चुम लामा गाउँका युवा तेन्जिन ग्याल्जेनसँग २०७७ साल कार्तिक ४ गते लिएको अन्तरवार्ताबाट प्राप्त तथ्याङ्कअनुसार।"

"चुम उपत्यकाका प्रसिद्ध समाजसेवी निमा लामासँग मिति २०७६ देखि यता विभिन्न समयका लागि गरिएको गहन कुराकानीबाट प्राप्त जानकारी अनुसार।"

"मिति २०७७ साल कार्तिक १९ उपल्लो चुमस्थित बुर्जि गाउँका ८४ वर्षिय मे छिरिङसँग गरिएको कुराकानीबाट प्राप्त जानकारी अनुसार।"

## स्थलगत अवलोकन भ्रमण

"शोधार्थीको स्थलगत अध्ययन भ्रमणको क्रममा मिति २०७७ साल कार्तिक ६ मा उपल्लो चुमको प्युरेन फुग् र चौरा गुम्बामा लद्दाखबाट आएका लामाहरू ध्यानमा बस्दै गरेको प्रत्यक्ष भेटको थियो।"

"अनुसन्धानकर्ता स्थलगत अवलोकन भ्रमणको क्रममा जाँदा गाउँको नजीकै नाउर घोरल प्रत्यक्ष देखिएको। यहाँको कृषिबाली जङ्गली जनावरहरू आएर नोक्सान पु¥याउने गरेको स्थानीयहरूको भनाइ पाइन्छ।"

## युट्युब


ICCA Consortium. "Non-violence and Biocultural Conservation in Tsumba, CCA South Asia Webinar Series." *YouTube*, 8 Dec. 2020, www.youtube.com/watch?v=3eDzZUnTJMM&pp=ygUHU2h5YWd5YQ%3D%3D. Retrieved on dated 28 February, 2025.

## परिशिष्ट


### अध्ययनसंग सम्बन्धित फोटोहरू




*फोटो नं.१ उपल्लो चुमको छोखाङपारो गाउँ, पृष्ठभूमिमा दक्षिणपट्टि पर्ने मनास्लु हिमाल।*



फोटो नं.२ भोट भाषामा लिपिबद्ध गरिएको अहिंसा पालना गर्ने प्रतिवद्धतापत्र।



फोटो नं. ३ नेपाली भाषामा वि.सं.२०६६ सालमा लिपिबद्ध गरिएको प्रतिबद्धता पत्र।



चुम उपत्यका अहिंसा क्षेत्र कायम राख्न छेकम्पार गाविसका
वासिन्दाले जाहेर गरेको प्रतिबद्धता

गोरखा जिल्लाको उत्तरी भागमा गणेश हिमाल (७,४०६ मिटर) तथा श्रृङ्गी हिमाल (७,१८६ मिटर)को बीचमा बग्ने स्यार खोलाले बनाएको उपत्यकालाई परम्परागत रुपमा चुम उपत्यका वा क्षेत्र भनिन्छ । यस क्षेत्रलाई गणकालमा अठार सय खोला पनि भनिन्थ्यो । वर्तमानको छेकम्पार र चुम्चेत गाउँ विकास समिति यसैभित्र पर्दछन् । बौद्ध गुरु मिलारेपाले समेत आई ध्यान गरेको यो पवित्र भूमि आजसम्म पनि बौद्ध धर्मको आस्था र उपासनाको कर्मथलोका रुपमा रहि आएको छ । बौद्ध धर्मग्रन्थमा उल्लेख भएको बेयुल किमोलुङको एक अभिन्न अङ्गको रुपमा यस क्षेत्रलाई पुजिन्छ ।

'अहिंसा परमोधर्म' अथवा संसारमा सबैभन्दा ठूलो धर्म अहिंसा हो भन्ने कुराको ज्वलन्त उदाहरण यस क्षेत्रमा साकार हुन्छ । यस क्षेत्रमा रहेको मु गुम्बा देछेन ल्हुन्दुप, गाङ्जेन ज्याङ्छुप छ्योलिङ गुम्बा एवं स्थानीय प्रमुख लामाहरु निले लाबाङ, डाग् लाबाङ, खाङ्सार लाबाङ आदि गुरु लामा र तत्कालिन तालुकदार एवं स्थानीय बासिन्दाले विक्रम संवत १९७७ सालमा महागुरु करुणामय अवतारी पूज्य डुक्पा लामा सेराप दोर्जेको रोहवरमा यस क्षेत्रको अहिंसा परम्परालाई पालन गर्ने/गराउने प्रतिबद्धता जनाई चुम निवासी आफ्नो धर्म-कर्ममा तल्लीन रहि आएका छौं ।

सम्झौता लिपिमा लेखिएको त्यो प्रतिबद्धतालाई विक्रम संवत २०२७ सालमा पनि सम्झौता लिपिमै र २०२९ सालमा देवनागरी (नेपाली) लिपिमा लेखेर त्यस क्षेत्रमा रहेका सबै २२१ घरधुरीका मुखिले पूज्य अवतारी गुरु झावाङ छेन्दप (डुक्पा रिन्पोछे) समक्ष पुनः शपथ गरी विभिन्न गाउँ र गुम्बाहरुमा गुम्ने काम भएको थियो । त्यसैगरी विक्रम संवत २०६६ सालमा आयोजित पहिलो चुम महोत्सवमा स्थानीय बासिन्दाले अहिंसा क्षेत्रलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्यौं ।

यो प्रतिबद्धतालाई 'चुम महोत्सव-अहिंसा र बौद्ध संस्कृतिको सन्देश' भन्ने मुख्य सन्देशसहित आज यहाँ सुरु भएको चुम उपत्यका सांस्कृतिक "स्याक्या" महोत्सव- २०६९ मा पनि हामी वर्तमान पिँढीसमेत चुम संस्कृति एवं संस्कारलाई आत्मसात् गर्दै चीरकालसम्म चुम क्षेत्रलाई अहिंसा क्षेत्र कायम राख्ने प्रतिबद्धता जाहेर गर्दछौं ।

हाम्रा पूर्वजले अहिंसा विषयका छ वटा बुँदालाई विशेष किटान गर्नुभएको छ । ती यस प्रकार छन् :

१. **कुनै पनि जीव-जनावर काटमार नगर्ने** : याक, चौंरी, भेडा, च्याङ्ग्रा, बाख्रा, बोका, राँगा, कुखुरा आदि पाल्तु जनावर वा पक्षी काटमार नगर्ने । यस क्षेत्रमा आउने पाहुना, पर्यटक, कर्मचारी एवं सुरक्षाकर्मीहरुले पनि चाडपर्व र दशैंमा समेत पशु बध नगरी अहिंसाप्रति श्रद्धा र भक्ति जाहेर गर्ने ।
२. **शिकार नखेल्ने** : वन्यजन्तु, पशुपक्षीको कल्याण गर्ने यस क्षेत्रमा कसैले पनि शिकार खेल्न/खेलाउन निषेध गर्ने । पासो थापेर वा कुनै पनि किसिमका उपायबाट चराचुरुङ्गीलगायत जङ्गली जनावर छोप्ने र मार्ने कामलाई निषेध गर्ने ।
३. **मह नकाढ्ने** : भीरपाखामा माहुरीका घाउसमेत भत्काई, आगो-डढेलो लगाई मह काढ्ने चलनले हजारौं प्राणीको ज्यान जान्छ । यस्तो प्रकारले प्राणीहत्या गरी मह काढ्ने कामलाई पनि निषेध गर्ने ।
४. **डढेलो नलगाउने** : सामुदायिक वन, निजी वन एवं चरन क्षेत्रहरुमा आगो/डढेलो नलगाउने । वन जङ्गलमा खोरिया फाँडेर खेती गर्न निषेध गर्ने ।

फोटो नं. ४ नेपाली भाषामा वि.सं.२०६९ सालमा लिपिबद्ध गरिएको प्रतिबद्धता पत्र ।



५. **प्रवेश निषेध** : मासुको प्रयोजनका लागि व्यापार गर्ने उद्देश्यले कुनै पनि जीव एवं पक्षीलाई अहिंसा क्षेत्रभित्र प्रवेश गराउन निषेध गर्ने । कार्मादेन नसक्नेगरी बुढो भएपछि पनि कुनै जनावरलाई मारेर काटीखाने व्यक्तिको हातमा नबेच्ने र चौंरीको बाच्छा नमार्ने ।
६. **पशुबध पूर्णरुपमा निषेध** : कुनै तवरबाट जीवहिंसा वा मारकाट नगर्ने चलनलाई यथावत राख्ने अर्थात काटमार र पशुबध पूर्णरुपमा निषेध गर्ने/गराउने ।

प्रतिबद्धता जाहेर गर्नेहरु:

१. महागुरु करुणामय अवतारी डुक्पा रिन्पोछे ङवाङ खेन्राप
२. लामा सेराप रिन्पोछे
३. लामा पेमा छेवाङ
४. मु गुम्बाका उम्जे घ्याम्छो
५. राजेन गुम्बा खेन्पो घेस्ये ल्हाराम च्याम्पा चुन्डी
६. राजेन गुम्बा आनी हिसे
८. डाग् लाबाङ
९. खाङ्सार लाबाङ
१०. निले लाबाङ
११. चुम कल्याण समितिका अध्यक्ष निमा लामा
१२. छेकम्पार गाविस प्रतिनिधि
१३. चुम स्याक्या युवा क्लब, छेकम्पारका प्रतिनिधि
१४. मनास्लु संरक्षण व्यवस्थापन समिति, छेकम्पारका प्रतिनिधि
१५. एनेकपा (माओवादी)का गाविस प्रतिनिधि
१६. नेपाली काङ्ग्रेसका गाविस प्रतिनिधि
१७. नेकपा (एमाले)का गाविस प्रतिनिधि

फोटो नं ५ फोटो नं. ४ को क्रमशः




फोटो नं.६ श्रद्धेय डुग्पा रिन्पोछे श्याग्या महोत्सवको व्यानरमा हस्ताक्षर गर्नुहुँदै।



फोटो नं.७ श्याग्या महोत्सवको व्यानरमा अहिंसा प्रतिबद्धता पत्रमा हस्ताक्षर गर्नुहुँदै तत्कालिन प्रधानमन्त्री डा.बाबुराम भट्टराई।



फोटो नं. ८ श्याग्या महोत्सवमा सहभागी स्थानीय समुदाय।



फोटो नं. ९ शाग्या महोत्सवमा नृत्य प्रस्तुत गर्दै स्थानीय युवा, महिला तथा पुरुषहरू।

फोटो सौजन्यः निमा लामा, अध्यक्ष, चुमनुब्रि गाउँपालिका

लुम्बिनी बौद्ध विश्वविद्यालय
वि.सं. २०६१
केन्द्रिय क्याम्पस लुम्बिनी
Central Campus Lumbini
LUMBINI BUDDHIST UNIVERSITY
2004 AD